# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल
२०७३

प.स २०७६/७७
च. नं. ११३२

मिति : २०७६/१०/२१

विषय : सीप विकास तथा सीपमूलक तालिम सम्वन्धी सूचना पठाइएको बारे ।

**श्री सबै वडा कार्यालय**
लिसंखु पाखर गाउपालिका

प्रस्तुत बिषयमा प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडाको आ.ब. २०७६/०७७ को उद्योग विक़ास तथा प्रवर्द्धन कार्यक्रम तर्फको विभिन्न सीप विकास तथा क्षमता अभिबृद्धि सम्बन्धि ४५६ घण्टा सम्मको उद्यमशीलता, रोजगारीमुलक, सीप विकास तथा क्षमता अभिबृद्धि सम्बन्धि सञ्चालन गर्ने विभिन्न तालिमको सूचना यसै साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना सबैले थाहा पाउने ब्यवस्था मिलाई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

रामकुमार तामाङ
अधिकृत छैटौ
आर्थिक विकास शाखा

प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

फोन : ०५७-५२५६१७

E-mail: moitfe3@gmail.com

पत्र संख्या :-

चलानी नं. :-

महाशाखा प्रमुख ०७६।१०।१९

## सीप विकास तथा सीपमूलक तालिम सम्बन्धी सूचना

<u>प्रथम पटक प्रकाशित मितिः २०७६/१०/०४</u>

<u>दोस्रो पटक प्रकाशन मितिः २०७६/१०/१९</u>

यस मन्त्रालयले आ.व. २०७६/०७७ को उद्योग विकास तथा प्रवर्द्धन कार्यक्रम तर्फको विभिन्न सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी ४५६ घण्टा सम्मको उद्यमशीलता, रोजगारीमुलक, सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न तालिम सञ्चालन गर्न गईरहेकोले ईच्छुक व्यक्तिहरुबाट दरखास्त आह्वानको लागि मिति २०७६/१०/०४ मा राजधानी राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएकोमा यथेष्ठ दरखास्त प्राप्त नभएकोले दोस्रो पटक पूनः यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम बागमती प्रदेश भित्रका १३ वटै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा तथा यस मन्त्रालयबाट सोझै वा मन्त्रालयको वेवसाईड https://moitfe.p3.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ।

<u>तपसिल</u>

| क्र.सं. | तालिमको नाम |
|---|---|
| १ | मेकानिकल मेसिन संचालन तथा मर्मत संभार तालिम |
| २ | प्लम्बिङ्ग तालिम |
| ३ | होटल, कुक तथा हस्पिटालिटी |
| ४ | वेल्डीङ्ग तालिम |
| ५ | अटोमोबाइल सम्बन्धी तालिम |
| ६ | मे. इन्जीनियरीङ्गमा डिप्लोमा गरेका जनशक्तीलाइ मेकानिकाल तालिम |
| ७ | मेकानिकल फेव्रिकेसन निर्माण तालिम |
| ८ | वेसिक इलेक्ट्रीकल तथा इन्डस्ट्रिज इलेक्ट्रिकल तालिम |
| ९ | एडभान्स इलेक्ट्रिकल इन्डसट्रियल तालिम |
| १० | Tree Harvesting तालिम |
| ११ | काष्ठ हस्तकला तालिम |

<u>फारम बुझाउने अन्तिम मितिः</u> २०७६/१०/२५ सम्म

<u>फारम बुझाउने स्थानः</u> मन्त्रालयमा सोझै वा हुलाक मार्फत वा मन्त्रालयको ईमेल ठेगाना moitfe.bagamati@gmail.com मा Scan गरेर संलग्न कागजात सहित पठाउन सकिनेछ । ढिलो गरी प्राप्त निवेदन माथि कुनै कारबाही गरिने छैन ।

<u>सहभागी छनौट विधिः</u> उद्योग तर्फको सीपविकास तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार ।

<u>सहभागीले प्राप्त गर्ने सुविधाः</u> मासिक छात्रावासा वा घरभाडा सहुलियत, मासिक छात्रवृत्ति, यातायात खर्च, पोशाक खर्च तथा तोकिए बमोजिम अन्य।

*<u>पुनश्चः</u> तालिम कार्यक्रममा एक समूहमा बढीमा २५ जना मात्र सहभागी हुनेछन् । छनौट हुन सफल सहभागीहरुको नाम मन्त्रालयको सूचना बोर्ड तथा वेभसाईडमा प्रकाशित गरिनेछ । अन्य जानकारीको लागिः ०५७-५२६२२६ मा सम्पर्क गर्न सकिनेछ ।*

श्री आर्थिक विकास शाखा ... प्रचारप्रसार गर्ने साथै ... फेसबुक पेजमा ... गर्ने।